# स्थानीय राजपत्र

रुवी भ्याली गाउँपालिकाद्वारा प्रकाशित

खण्ड) ६ धादिङ, बागमती प्रदेश, नेपाल ०८ भाद्र, २०७९ साल ( संख्या:८

भाग-२

## रूवी भ्याली गाउँपालिकामा विभिन्न पदहरूको अस्थायी/करार सेवामा पदपुर्तिको लागि संचालन गरिने परिक्षामा खटिने कर्मचारीहरूको सेवा सूविधा सम्बन्धि मापदण्ड, २०७९

**प्रस्तावना :**

रूवी भ्याली गाउँपालिकामा विभिन्न पदहरुमा अस्थायी/करार सेवामा पदपूर्तिको लागि संचालन गरिने परिक्षामा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धि मापदण्ड बनाउन वाञ्छनिय भएकोले रूवी भ्याली गाउँ कार्यपालिकाले यो मापदण्ड बनाएको छ ।

परिच्छेद १

प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस नियमावलीको नाम "रूवी भ्याली गाउँपालिकामा विभिन्न पदहरूको अस्थायी/करार सेवामा पदपूर्तिको लागि संचालन गरिने परिक्षामा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धि मापदण्ड, २०७९" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क) पदपुर्ति समिति" भन्नाले गाउँपालिकाको स्वीकृत दरबन्दी अनुसार रिक्त पदमा अस्थायी वा करार सेवामा पदपुर्तिको लागि गाउँ कार्यपालिकाको निर्णय अनुसार गठन हुने समिति सम्झनु पर्दछ ।

(ख) "गाउँ कार्यपालिका" भन्नाले रूवी भ्याली गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) गाउँपालिका" भन्नाने रूवी भ्याली गाउँपालिकालाई सम्झनु पर्दछ ।

परिच्छेद २

**सेवा सुविधा सम्बन्धि व्यवस्था**

**३. परिक्षा संचालन, प्रश्नपत्र तयारी र परिक्षा केन्द्रमा खटिने कर्मचारीहरुको सेवा सुविधा सम्बन्धि व्यवस्थाः**

(१)प्रश्नपत्र तयारी र लिखित परिक्षा संचालनमा परिक्षा केन्द्रमा खटिने कर्मचारीहरुको सेवा सुविधा देहाय बमोजिम हुनेछ ।

(क) प्रति विषय प्रश्नपत्र तयारी विषयगत रु.५०००/- र बस्तुगत रु.२५००/-

(ख) केन्द्राध्यक्ष (राजपत्रांकित कर्मचारी वा सो सरह— रु. ५००/- प्रतिघण्टा



(ग) सहायक केन्द्राध्यक्ष (राजपत्रांकित तृतिय वा सो सरह वा ना.सु वा सो सरहा- रु. ३००/- प्रतिघण्टा

(ग) निरीक्षक (ना.सु. वा खरिदार वा सो सरह - रु.२००/- प्रतिघण्टा

(घ) कार्यालय सहयोगी- रु. १००/- प्रतिघण्टा

(ङ) सुरक्षाकर्मी- रु. १००/- प्रतिघण्टा

(२) खण्ड (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि यदी कुनै कर्मचारीलाई ६ कोष वा सोभन्दा टाढाबाट आउने गरी खटाईएमा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम दैनिक भ्रमण भत्ता वापतको रकम उपलब्ध गराईनेछ ।

(३) लिखित परिक्षामा सफल उम्मेदवारहरुको अन्तरवार्ताको लागि भत्ता सुविधा देहाय बमोजिम हुनेछ :

(क) संयोजक (राजपत्रांकित वा सो सरह)- रु.१०००/- प्रति सिफ्ट

(ख) सदस्य (राजपत्रांकित वा सो सरह)- रु.८५०/- प्रति सिफ्ट

ग) विषय विशेषज्ञ रु.८५०/- प्रति सिफ्ट

(घ) सहयोगी कर्मचारी (ना.सु. वा खरिदार वा सो सरह रू. ५००/- प्रतिसिफ्ट

(ङ) कार्यालय सहयोगी रु.३००/- प्रतिसिफ्ट

(च) सुरक्षाकमी. रू.३००/- प्रति सिफ्ट

**स्पष्टिकरणः** प्रतिसिफ्टमा तीन घण्टाको समयलाई बुझाउनेछ ।

(४) खण्ड (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि यदी कुनै कर्मचारीलाई ६ कोष वा सोभन्दा टाढाबाट आउने गरी खटाईएमा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम दैनिक भ्रमण भत्ता वापतको रकम उपलब्ध गराईनेछ ।

**४. उम्मेदवारको लिखित परीक्षाको उत्तर पुस्तिका जाँच गर्ने परीक्षकले प्राप्त गर्ने सुविधाः**

(१)पुस्तिका जांचको लागि राजपत्रवित वा सो सरहको कर्मचारीलाई खटाइनेछ ।

(२) उत्तर पुस्तिका जाच गर्ने परिवेक्षकले प्रति उत्तर पुस्तिका भए रु.५०/- र बस्तुगत भए रु.२५/- प्रास गर्नेछ ।

**५. पदपूर्ति समितिमा रहने पदाधिकारीहरुको सुविधा :**

(१)पदपूर्ति समितिमा रहने पदाधिकारीहरुले नियमानुसार बैठक भत्ता बापत रकमको प्रति बैठक रु.१५००/- प्रास गर्नेछन् ।

(२) परीक्षा संचालन बापत भुक्तानी हुने विभिन्न भत्ता रकममा नियमानुसार १५% पारीश्रमिक करकट्टी गरी भुक्तानी गरिनेछ ।

**६. यसै बमोजिम भएको मानिनेः**

(१) यो मापदण्ड बन्नुपूर्व पदपूर्ति सम्बन्धमा भएका कार्यहरु यस बमोजिम भएको मानिने र यसै मापदण्ड अनुसार सुविधा दिएको मानिनेछ ।

नविन कुमार गोले
प्रमुख प्रशासकीय अधिकृत